# लिखु गाउँपालिका यसम, ओखलढुंगा
# कोशी प्रदेश
## स्थानीय राजपत्र
# लिखु गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः- ६ | संख्याः- २ | मितिः- २०८०/०३ /२८ |
|---|---|---|

## भाग-१

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि लिखु गाउँपालिकाको विनियोजन ऐन, २०८० लिखु गाउँपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

### विनियोजन ऐन, २०८०

प्रमाणिकरण मितिः-२०८०/०३/२७

ऐन नं. - ३३

**प्रस्तावनाः** लिखु गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन साथै सो रकम विनियोजन गर्न वाञ्छानिय भएकाले,

नेपालको संविधान २०७२ को धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी लिखु गाउँपालिकाको गाउँसभाले सञ्चित कोषबाट रकम खर्च र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न यो ऐन बनाईएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम लिखु गाउँपालिकाको "विनियोजन ऐन २०८०" रहेको छ।

(२) यो **ऐन २०८० साल श्रावण १ गते** देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन” भन्नाले लिखु गाउँपालिकाको विनियोजन ऐन,२०८० सम्झनु पर्दछ।

(ख) “कार्यपालिका” भन्नाले लिखु गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) “गाउँपालिका” भन्नाले लिखु गाउँपालिका सम्झनु पर्दछ।

(घ) “सभा” भन्नाले लिखु गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधान लाई सम्झनु पर्दछ।

३. **आर्थिक वर्ष ०८०/८१ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्नेः** आर्थिक वर्ष ०८०/८१ को निमित्त कार्यपालिका, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लेखित चालु, पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **४२,२३,६४,५००.०० (अक्षेरुपी बयालिस करोड तेईस लाख चौसट्ठी हजार पाँच सय मात्र)** नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

४. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष ०८०/८१ को निमित्त लिखु गाउँ कार्यपालिका र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, विषयतगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने तथा कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले वचत हुने शिर्षकबाट अपुग हुने शिर्षकमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढि शिर्षकहरुबाट अर्को एक वा एकभन्दा वढि शिर्षकहरुमा रकम सार्न, निकासा र खर्च गर्न सकिने छ।

(४) पूँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भूत्तानी खर्च तथा ब्याज भूत्तानी खर्च शिर्षकमा वाहेक अन्य चालु खर्च तर्फ सार्न सकिने छैन तर चालु तथा पूँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक शिर्षकबाट अर्को शिर्षकमा रकम सार्न सकिनेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा वढि शिर्षकहरुमा रकम सार्नु परेमा सभाको स्वीकृत लिनु पर्नेछ।

# अनुसूची-१

## दफा (३) संग सम्बन्धित

नेपालको संविधान २०७२ को धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम ।

| सि.नं. | विषयगत क्षेत्र | विनियोजन | | |
|---|---|---|---|---|
| | | चालु | पूँजीगत | कुल रकम |
| १ | पूर्वाधार विकास | ५००००००.०० | ६८००००००.०० | ६८५०००००.०० |
| २ | आर्थिक विकास | ३३०००००.०० | ११०००००.०० | ४४०००००.०० |
| ३ | सामाजिक विकास | १८४५००००.०० | ५००००.०० | १८५०००००.०० |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | २००००००.०० | ०.०० | २००००००.०० |
| ५ | सुशासन, संस्थागत विकास, प्रशासनिक तथा कार्यालय सञ्चालन | ६७५६१५००.०० | ०.०० | ६७५६१५००.०० |
| ६ | संघीय तथा प्रदेश शसर्त | १७७५८२०००.०० | ८३८२१०००.०० | २६१४०३०००.०० |
| | **जम्मा** | **२६९३९३५००.००** | **१५२९७१०००.००** | **४२२३६४५००.००** |

आज्ञाले

लिलाराज श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

मितिः- २०८०/०३/२८